नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं

पत्र संख्या: २०८३ । ०८४
च.नं 233

फोन नः ०१-४१००२२३
टोल फ्रि: १६६००१११२२४
बबरमहल, काठमाडौं

मिति:२०८३।५।२२

श्री रसुवा, नुवाकोट र धादिङ जिल्लाका
सेवा प्रदायक स्वास्थ्य संस्थाहरू (सबै)।

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

स्वास्थ्य बीमा बोर्डको मिति २०८३ भाद्र २२ गतेको निर्णयानुसार, मिति २०८३ भाद्र १० गते रसुवा जिल्लाको ल्हेन्दे खोलाबाट आएको अप्रत्याशित बाढीबाट अति प्रभावित रसुवा, नुवाकोट र धादिङ गरी तीन जिल्लालाई नेपाल सरकारले तीन महिनाका लागि विपद् सङ्कटग्रस्त क्षेत्र तोकेको सन्दर्भमा, उक्त जिल्लाहरूमा स्वास्थ्य बीमा सेवा सहज रूपमा सञ्चालन गरी नागरिकलाई सहजीकरण गर्न देहायबमोजिम निर्णय भएको व्यहोरा जानकारी गराइन्छ।

उक्त तीनवटै जिल्लाका स्वास्थ्य बीमा सेवा प्रदायक स्वास्थ्य संस्थांहरूमा तोकिएको समयावधिसम्म स्वास्थ्य बीमा सेवामा लाग्ने सहभुक्तानी (Co-payment) र Capping हटाउने साथै उक्त क्षेत्रका बिमितहरूको स्वास्थ्य बीमा परिचयपत्र नभएको अवस्थामा सेवा प्रदायक स्वास्थ्य संस्थालाई उपलब्ध गराइएको IMIS-User प्रणालीमार्फत स्वास्थ्य बीमा नम्बर यकिन गरी स्वास्थ्य बीमा सेवा उपलब्ध गराउने निर्णय भएको हुँदा सोही बमोजिम सेवा प्रवाह तथा निर्णय कार्यान्वयन गर्नुहुन अनुरोध छ।

डा.पवन कुमार साह
वरिष्ठ मेडिकल सुपेरिटेण्डेण्ट
(प्रवक्ता)

बोधार्थ
श्री स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, सिंहदरबार, काठमाडौं। (जानकारीका लागि)
श्री स्वास्थ्य बीमा बोर्ड, प्रदेश शाखा कार्यालय, बागमती, (आवश्यक सहजिकरण गर्नुहुन)।
श्री स्वास्थ्य बीमा बोर्ड, जिल्ला शाखा कार्यालय (रसुवा, नुवाकोट र धादिङ) (आवश्यक सहजिकरण गर्नुहुन)।